# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन: ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: info@butwalmun.gov.np

## कवाडीजन्य सामग्री संकलन तथा निकासी ठेक्का सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

**(प्रथम पटक सुचना प्रकाशित मिति २०८३।०३।१६)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम कवाडिजन्य सामग्री संकलन तथा निकासीका लागि निजि क्षेत्र मार्फत प्रतिस्पर्धात्मक विधिद्धारा दुई आ.व. २०८३/०८४ र २०८४/०८५ का लागि आय ठेक्का बन्दोवस्ती गर्नु पर्ने भएकाले देहायका शर्त, नियम तथा प्रावधानमा रही बोलपत्रको सूचना प्रकाशित गरिएको छ ।

शर्त, नियम तथा प्रावधानहरु :-

१) बोलपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ दिन वा मिति २०८३/०४/०५ गते भित्र आ.ब. २०८२/०८३ का लागि नबिकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, मुल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि र आ.ब. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र संलग्न गरी विद्युतीय (Electronicaly) बोलपत्र खरीद गर्न बोलपत्रदाताले बोलपत्र दस्तुर वापत रु. ३०००/- (तीन हजार रुपैया मात्र) (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य बैक बुटवल शाखाको आन्तरिक श्रोत बुटवल उपमहानगरपालिकाको कार्यालय कोड नं. ८०१०५४८०१ खाता नं. ३१२०१००३०१०१०००२ मा जम्मा गरी वा अन्य बैक वित्तिय संस्था वा अनलाइन माध्यमबाट उक्त खातामा जम्मा गरी Website:www.bolpatra.gov.np बाट वोलपत्र फारम Download गरी प्राप्त गर्न सकिनेछ ।

२) वोलपत्र फारम मिति २०८३/०४/०५ गतेका दिन दिनको १२.०० बजे सम्म वोलपत्रहरु upload भइसक्नुपर्नेछ । सोही दिन दिनको १.०० बजे बु.उ.म.न.पा.नगरकार्यापालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३) वोलपत्रदाताले वोलपत्रसाथ आफुले कवोल गरेको कुल ठेक्का अंक (भ्याट सहित) को ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा.बैक बुटवल शाखामा रहेको कार्यालयको कोड नं. ८०१०५४८०१ धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तिमा १२० दिन सम्म म्याद भएको बुटवल उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालयको नाममा जारी गरिएको क वर्गको वाणिज्य बैंकको बैक जमानीपत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

४) कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सदर वा बदर गर्ने सम्पूर्ण अधिकार बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

५) नेपाल सरकारलाई बुझाउनु पर्ने प्रचलित ऐन नियमानुसारको कर (मुल्य अभिबृद्धि कर, तथा अन्य कर) बोलपत्रदाता स्वयंले बुझाउनु पर्नेछ ।

६) बोलपत्र फारममा आफूले कवोल गरेको अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी छुट्टाछुट्टै लेख्नुपर्नेछ । अंक र अक्षरको विचमा फरक परेमा अक्षरमा अंकित मूल्यलाई मान्यता दिइनेछ । बोलपत्र फारममा केरमेट गरिएको ठाउँमा बोलपत्रदाताले सही गर्नु पर्नेछ।

७) ठेक्का अवधि दुई आ.व. २०८३/०८४ र २०८४/०८५ हुनेछ ।

८) यसमा उल्लेख भएको कुरा सबै यसै अनुसार र यसमा उल्लेख नभएको कुरा प्रचलित कानुनबमोजिम हुनेछ ।

९) विस्तृत जानकारीको लागि कार्यालयको वेवसाइट www.butwalmun.gov.np मा हेर्न सकिन्छ ।

तपसिल

| आय ठेक्का नं. | कामको विवरण | न्यूनतम ठेक्का अंक (सरकारी कर र भ्याट वाहेक) | वोलपत्र फाराम दस्तुर (पछि फिर्ता नहुने) | वोलपत्रत्र दाखिला भईसक्नुपर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|
| १६/२०८२/०८३ | पुनः प्रयोग हुने (कवाडीजन्य) सामग्री संकलन तथा निकासी (आ.व.२०८३/०८४ र २०८४/०८५) | वार्षिक रु. ७३,९६,३२२।-(त्रिहत्तर लाख छयानब्बे हजार तीन सय बाइस रुपैंया मात्र) | रु.३०००/०० (तीन हजार मात्र) | मिति २०८३/०४/०५ गते दिउंसो १२ बजे सम्म |